बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

प. सं. २०८०/०८१ (रोजगार सेवा केन्द्र)
च.नं.

कोशी प्रदेश, नेपाल

मितिः २०८०।११।०१

## सूचना ।  सूचना ।।  सूचना ।।।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, को दफा ११, सो को नियामावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ,२०७५ (दोस्रो संसोधन, २०७८) मबोजिम आ.व. २०८१/०८२ मा बेलका नगरपालिका मातहतमा रहेका न्यूनतम रोजगारीमा आवद्ध हुन चाहाने ईच्छुक बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा गई २०८० साल फाल्गुन मसान्त सम्ममा निवेदन दिनुहुन अनुरोध छ । साथै बेरोजगार व्यक्तिले सूचिकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट https://pmep.gov.np बाट प्राप्त गर्न साथै यस सम्बन्धी थप जानकारी र आवेदन फारम बेलका नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र बाट लिनुहुन समेत अनुरोध छ।

फारम भर्नका लागि चाहिने आवाश्यक कागजातहरु

१. नागरिकताको प्रतिलिपि (१ थान)
२. पासपोर्ट साइजको फोटो (१ थान)
३. अन्य जिल्लाबाट बसाई सरेर आएको भए बसाइ सराइ प्रमाण पत्रको प्रतिलिपि (१ थान)
४. अन्य जिल्लाबाट बिबाह गरेर आएको भए विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि (१ थान)
५. बैदेशिक रोजगारबाट फर्केका भए भिजा लागेको प्रमाण खुल्ने गरी पासपोर्टको प्रतिलिपि (१ थान)
६. तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपि
७. शैक्षिक योग्यताको प्रमाण पत्र भए प्रतिलिपि

**नोटः** बेरोजगार व्यक्तिले भर्नु पर्ने आवेदन फारममा भएका सम्पूर्ण विवरणहरु पूर्ण रुपमा नभरेमा त्यस्ता अपूर्ण फारमहरु रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) ले प्रविष्टि नलिने भएको हुँदा विवरणहरु पूर्ण भर्नु हुन अनुरोध छ । अपुर्ण विवरण भरेर आएका फारमहरु बेरोजगारको सूचीमा दर्ता नहुने हुँदा यसको जवाफदेही नगरपालिका वा रोजगार सेवा केन्द्र नहुने कुरा अवगत गराउँदछु।

२०८०।११।०१

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत